# बसबरिया गाउँपालिकाको दोश्रो गाउँ सभाका बैठकका निर्णयहरु

**निर्णय नं.१:** बसबरिया गाउँपालिकाको ऐतिहासिक दोश्रो गाउसभाको अवसरमा राष्ट्रहित, अग्रगमन र लोकतन्त्रका पक्षमा नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा गरेको त्याग, संघर्ष र बलिदानको कदर गर्दै ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** यस गाउँपालिकाको उपाध्यक्ष रिना कुमारी यादब द्वारा गाउँ सभामा मिति २०७५/०३/१० मा प्रस्तुत नीति तथा कार्यक्रम पश्चात सशर्त अनुदान तर्फ ४ करोड ५८ लाख प्रस्तुत भएकोमा सो शिर्षकमा बजेट थप भई ८७७५९०००|- (आठ करोड सतहत्तर लाख उनान्साठी हजार) कायम भएको । आ.व.०७४/७५ मा कार्यान्वयन हुन बाकी रकम रु. ६६०४८५११|-(छ करोड साठी लाख अडचालिस हजार पाच सय एघार) समाबेश गरिएको । उक्त बजेटलाई समेत समाबेश गरि यस आ.व. २०७५/०७६ को लागि निम्न बमोजिमको कार्यक्रम र बजेट उक्तानुसारको संसोधन सहित पारित गरियो ।

तपशिल

| क्र.स. | सःसर्त अनुदान | ८७७५९००० |
|---|---|---|
| १ | बित्तिय समानीकरण | ८४१००००० |
| २ | राजश्व बाडफाड बाट | ५२४२८००० |
| ३ | प्रदेश सरकारबाट | २७१०००० |
| ४ | अनुमानित आन्तरिक आय | ६०००००० |
| ५ | गत आ.व २०७४/०७५को बाँकी | ६६०४८५११ |
| | **कुल जम्मा** | **२९,९०,४५,५११** |

**निर्णय नं.३:** यस गाउँपालिकाको उपाध्यक्ष श्री रिना कुमारी यादब द्वारा गाउँसभामा प्रस्तुत निति तथा कार्यक्रम एवं तपशिल बमोजिमको बिधेयकहरु स्वीकृत गर्ने निर्णय गरियो

बिधेयक तथा निति कार्यक्रम

१) आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

२) आ.व. २०७५/०७६ को आय व्ययको अनुमानित विवरण

३) आर्थिक बिधेयक – २०७५

४) बिनियोजन बिधेयक – २०७५

**<u>निर्णय नं.४:</u>** बसबरिया गा.पा.मा केन्द्रिय सरकार बाट समेत तपसिलका बिभिन्न शिर्षकहरुमा प्राप्त, जम्मा रकम रु. **(अनुसूची ३)** स्वीकृत गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र.स. | बजेट शिर्षक नं. | बजेट शिर्षक/विवरण | रकम |
|---|---|---|---|
| १ | ३६५०१५ | ज्येष्ठ नागरिक दिर्घ सेवा समान र सामाजिक सुरक्षा कार्यक्रम | २५१४०००० |
| २ | ३६५८१९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम- LGCDP | |
| ३ | ८०१८८३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १६०२००० |
| ४ | ८०१८८३ | पशु बिकाश सेवा कार्यक्रम | २१०००० |
| ५ | ८०१८८३ | एक गाउँ एक प्राबिधिक | ५९१००० |
| ६ | ३६५८५२ | तराई मधेश सम्बृद्धि कार्यक्रम | ११०००००० |
| ७ | ८०१८८३ | बिद्यालय क्षेत्र विकास कार्यक्रम | ८७०७००० |
| ८ | ८०१८८३ | बिद्यालय क्षेत्र विकास कार्यक्रम | १६००००० |
| ९ | ८०१८८३ | कृषि भुमि ब्यबस्थापन तथा सहकारी मन्त्रालय | २६१७००० |
| १० | ८०१८८३ | सबैकोलागी शिक्षा आधारभुत माध्यमिक तह | १८२६९००० |
| ११ | ८०१८८३ | खेलकुद विकास कार्यक्रम | १००००० |
| १२ | ८०१८८३ | आयुर्वेद चिकिस्तालय | १५०१००० |
| १३ | ८०१८८३ | आयुर्वेद सेवा केन्द्र | ६९७००० |
| १४ | ८०१८८३ | महिला विकास कार्यक्रम | ८०५००० |
| १५ | ८०१८८३ | बाल कल्याण कार्यक्रम | ५३००० |
| १६ | ८०१८८३ | समाज कल्याण कार्यक्रम | १३०००० |
| १७ | ८०१८८३ | कृषि ब्यबस्थापन प्रबर्धन तथा बजार विकास कार्यक्रम | ७००००० |
| १८ | ८०१८८३ | माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम | ५०००० |
| १९ | ८०१८८३ | सहकारी खेति साना सिचाई तथा मल बिउ | ५४०००० |

| | | | |
|---|---|---|---|
| | | ढुवानी कार्यक्रम | |
| २० | ८०१८८३ | वृक्ष सुधार वृक्षारोपन तथा निजि बन कार्यक्रम | १५०००० |
| २१ | ८०१८८३ | कृषक पाठशाला संचालन कार्यक्रम | २००००० |
| २२ | ८०१८८३ | प्राथमिक स्वास्थ्य सेवा, तलब भत्ता तथा अन्य | ६५९५००० |
| २३ | ८०१८८३ | वातावरणीय सफाई आयोजना कार्यक्रम | ४६००० |
| २४ | ८०१८८३ | एककृत जिल्ला स्वास्थ्य कार्यक्रम | ५३१२००० |
| २५ | ८०१८८३ | पशु स्वास्थ्य रोग अन्युवेशन सेवा तथा क्यारे कार्यक्रम | ६६००० |
| २६ | ८०१८८३ | क्षयरोग नियन्त्रण कार्यक्रम | ९१००० |
| २७ | ८०१८८३ | रास्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | ८०००० |
| २८ | ८०१८८३ | रास्ट्रिय ग्रामिण तथा नबिकरणीय उर्जा कार्यक्रम | ९०७००० |
| **बजेट सःसर्त जम्मा** | | | **८७७५९०००** |
| २९ | बित्तिय समानीकरण | | ८४१००००० |
| ३० | राजश्व बाडफाड बाट | | ५२४२८००० |
| ३१ | प्रदेश सरकारबाट | | २७१०००० |
| ३२ | अनुमानित आन्तरिक आय | | ६०००००० |
| ३३ | गत आ.व २०७४/०७५को बाँकी | | ६६०४८५११ |
| **कुल जम्मा** | | | **२९९०४५५११** |

**निर्णय नं.५:** यस स्थानीय तहमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्दै कार्यसम्पादन स्तर बढाउन आ.व. २०७४/०७५ मा गाउँपरिषद बाट पारित भए अनुसार यस गाउँपालिका अन्तर्गतका कर्मचारी हरुलाई ०७५/०७६ मा राजश्व बाडफाडको बजेट शिर्षक नं. २११३५ बाट भुक्तानी गरिएको प्रोत्साहन भत्ता २०% अनुमोदन गरियो । यस आ.व. २०७५/०७६ को लागि यस गाउँपालिका अन्तर्गत रहेको कर्मचारीहरुलाई (करार, सूचना प्रबिधि अधिकृत तथा बिषयगत शाखा समेत) सोही शिर्षक बाट प्रोत्साहन स्वरूप २५% प्रोत्साहन भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा ब्यबस्थापन सम्वन्धी कार्यविधि २०७४ लाई यस आ.व.२०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.७:</u>** यस बसबरिया गाउँपालिकाको बैठक संचालन सम्वन्धि कार्यविधि २०७४ लाई यस आ.व.२०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ८:</u>** बसबरिया गाउँपालिका, गाउँ कार्यपालिका (कार्य सम्पादन नियमावली) २०७४ लाई यस आ.व. २०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** बसबरिया गाउँपालिकाको गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ लाई यस आ.व.मा निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१०:</u>** यस बसबरिया गाउँपालिकाको गाउँ सभा संचालन सम्वन्धी कार्यविधि २०७४ लाई यस आ.व.मा निरन्तरता दिने निर्णय गरियो

**<u>निर्णय नं. ११:</u>** यस गाउँपालिकामा एकिकृत सम्पती कर लागु गर्ने निति अनुरुप नीति तथा कार्यक्रममा उल्लेख गरिएको भएता पनि एकिकृत सम्पती कर हाल लाई बिभिन्न कारणले लागु नभएको हुँदा साबिक बमोजिमकै कर तथा मालपोत यस आ.व. २०७५/७६ मा लागु गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** यस गाउँपालिका अन्तर्गत दरबन्दी तथा दरबन्दी बाहेकका निम्न पदहरुमा कर्मचारीको आवश्यक भई २०७५ श्रावण देखि करार तथा ज्यालादारीमा राखी काममा लगाइएकोले उक्त पदहरु मध्ये  सूचना प्रबिधि अधिकृतको २५% गाउँ पालिकाको बजेट बाट तलब सुबिधा व्यहोर्ने र अन्यमा निजहरुको करार नियुक्ती र भुक्तानी गरिएको तलब सुबिधा अनुमोदन गर्दै  मिति २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्मको लागि करार तथा ज्यालादारी म्याद थप गरि तलब, भत्ता तथा चाडवाड खर्च भुक्तानी दिने निर्णय गरियो ।

<u>तपशिल</u>

१) इन्जिनियर-१ २) सब-इन्जिनियर-२ ३) सूचना प्रबिधि अधिकृत-१ ४) का.स.-२(गा.पा.को लागी) ५) का.स.(आयुर्वेद औषधालयको लागि)-२ ६) का.स (स्वास्थ्य चौकी सहोडवाको लागि)-१ ७) पोषण स्वयम सेवक -१ ८) ड्राईभर-१ ९) ना.प्रा.स्वा (पशुतर्फ एक गाउँ एक प्राबिधिक)-२

**<u>निर्णय नं. १३:</u>** यस गाउँपालिका र अन्तर्गत का.स.को जनशक्ति अभाब तथा कार्य बोझको कारण यस गाउँ पालिकाको न्यायिक समितिमा का.स. १ र प्रत्येक वडामा समेत १/१ जनाको दरले र ऐ वडा नं. ५ मा पशु तर्फ-१ र स्वास्थ्य तर्फ-१ गरी ज्यालादारी तथा करारमा का.स. नियुक्ति गर्नु पर्ने आवश्यकता भई कार्यपालिकाको मिति २०७५/०९/०८ को निर्णयानुसार २०७६ आषाढ मसान्त सम्मको लागी नियुक्ति गर्ने र तोकिएको तलब भत्ता भुक्तानी दिने । साथै मानपुर स्वास्थ्य चौकीमा कार्यरत का.स.को करार नियुक्तिलाई निरन्तरता दिई तलब भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१४:</u>** गत बर्ष २०७४/०७५ मा संचालीत कार्यक्रम तथा खर्च भएको बजेट पारित तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१५:</u>** यस गाउँ पालिकाको आन्तरिक आय ज्यादै कम रहेकोले जनप्रतिनिधिहरुलाई पारिश्रमिक भुक्तानी गर्न आन्तरिक आय बाट सम्भब नहुने भएकोले आ.व. ०७४/०७५ को पारिश्रमिक आ.व. ०७५/७६ मा रजश्व बाडफाड बाट भुक्तानी गरिएको हुदाँ भुक्तानी गरिएको रकम अनुमोदन गरि सोही शिर्षक बाट जनप्रतिनिधिहरुलाई ०७५/०७६ को पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१६:</u>** यस बसबारिया गाउँपालिकाको गाउँ कार्यविभाजन नियमावली २०७४ लाई यस आ.व. २०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१७:</u>** आ.व. २०७४/०७५ को पूर्णता भएको न्यायिक समितिलाई यस आ.व. ०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१८:</u> गाउसभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम देहायबमोजिम रहने गरि आ.व.०७४/०७५ मा गठित तपसिलका समितिहरु लाई यस आ.व.०७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो।**

**<u>विधेयक समिति</u>**

- **संयोजक- श्री नागेन्द्र राय**
- **सदस्य- श्री रामवृक्ष राय**
- **सदस्य- श्री रामदुलारी देवी**

**<u>सुशासन समिति</u>**

- संयोजक- श्री रामचन्द्र पण्डित
- सदस्य- श्री विनय राउत
- सदस्य- श्री जलसिया देवी

<u>लेखा समिति</u>

- संयोजक- श्री सरोज कुमार यादव
- सदस्य- श्री मख्खन साह कल्वार
- सदस्य- श्री गीता साह

<u>निर्णय नं.१९:</u> नेपालको संविधानको अनुसूची ८ बमोजिम गाउपालिकाको एकल अधिकारअन्तर्गतका विषय कार्यान्वयन गर्ने, सुव्यवस्थित तुल्याउनुपर्ने प्रयोजनका लागि ऐन निर्माण, गाउसभाले गर्नुपर्ने भनी तोकिएका विषय बाहेक स्थानीय तहमा आवश्यक नियमावली, मापदण्ड, कार्यविधि, निर्देशिका गाउ कार्यपालिकाले स्वीकृत गरी सोही अनुसार कार्यान्वयन गराउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै उक्त कार्यविधि, नियमावलीहरु नबनेसम्मका लागि प्रचिलित ऐन, नियम अनुसार गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.२०:</u> चालु आ.व. २०७५।७६ का योजना तथा कार्यक्रम तर्जुमा सन्दर्भमा तपसिल बमोजिमका विषयमा कार्यपालिकाको निर्णयबमोजिम हुने गरी कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो :

- खरिद योजना तर्जुमा तथा स्वीकृत गर्ने
- स्थानीय सार्वजनिक खरिद नियमावली निर्माण
- विनियोजन विधेयक, बमोजिम २० प्रतिशत रकमान्तर गर्न सकिने विषयमा शीर्षकहरुको किटान गरी रकमान्तर गर्ने,
- कुनै शीर्षकमा विनियोजित बजेट बचत भएमा सो बजेटबाट कुनै नयाँ योजना, कार्यक्रम पहिचान गरी खर्च गर्ने,
- सशर्त अनुदान शीर्षक अन्तर्गत विनियोजित रकम तोकिएको कार्य गर्न अपुग भएमा सम्बन्धित निकायमा माग गर्ने
- चालु आ.व.को विचमा कुनै गैरसरकारी संस्था लगायत सामाजिक, सामुदायिक संघ, संस्थालाई आफ्नो सरहदभित्र कार्यक्रम सञ्चालन गर्न स्वीकृत गर्ने,
- गाउपालिकाभित्रका सार्वजनिक पोखरी नदि तथा बजारको ठेक्का बन्दोबस्त, वडा कार्यालय भवनको सटर भाडामा लगाउने लगायत अन्य सार्वजनिक तथा विद्यालय, मठ, गुठीको स्वामित्वमा रहेका पोखरी आदिको ठेक्का बन्दोबस्त गर्ने कार्य,

- उपभोक्ता समिति गठन सम्बन्धि कार्यविधि बनाउने,
- गाउँसभा/गाउकार्यपालिकाको बैठक भत्ता, गाउपालिकाद्वारा सञ्चालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा गरिने खर्चको मापदण्ड निर्धारण गर्ने
- स्थानीय न्यूनतम दररेट निर्धारण लगायत स्थानीय सरकार सञ्चालन ऐनमा तोकिएबमोजिम बजेट तर्जुमा सन्दर्भमा आइपर्ने अन्य आवश्यक कार्यहरु ।
- यस गाउँपरिसदमा अस्पष्ट भएको र समाबेश नभएको बिषयमा स्पष्ट र समाबेश गराई पुष्टाई गरि निर्णय गर्ने निर्णय गर्ने

निर्णय नं.२१: गाउपालिकाको वार्षिक बजेटको रकमले अपुग भई वार्षिक कार्यक्रममा समेट्न नसकिएको तर आवश्यक देखिएका गाउपालिकाको रणनितिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक महत्वका आयोजना निर्माण गर्न संघीय सरकार एवं प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२२: गत आ.व ०७४/०७५ मा गाउँपालिकाको भवन निर्माणको लागि जग्गा खरिद गर्न रु. १००००००( एक करोड ) छुट्याईएकोमा जग्गा खरिद नभएकोले यस आ.व. ०७५/०७६ मा जग्गा खरिदका लागि रु.४०,००,००० छुट्याउने र अन्य श्रोत समेत जुटाई गाउकार्यपालिकाको कार्यालय निर्माणका लागि ऐन कानुन तथा कार्यपालिकाको निर्णयबमोजिम जग्गा अधिग्रहण/खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.२३: गाउपालिकाको विकास निर्माण कार्यलाई गति दिन, समग्र कामकाज सुचारु गर्न, परिचालन, अनुगमन कार्यलाई प्रभावकारी बनाउन तपसिलबमोजिमका सवारी साधन, उपकरण सम्भब भए सम्म श्रोत जुटाई खरिद गर्न र सम्भब नभए केन्द्रिय सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो :

- चारचक्के सवारी साधन १ वटा (जीप)
- एम्बुलेन्स १ वटा
- वारुणयन्त्र १ वटा (२ वा २ भन्दा बढी स्थानीय तहले संयुक्त रुपमा व्यवस्थापन गर्ने गरी)
- डोजर, स्काइभेटरलगायतका हेभी इक्वीपमेन्टहरु

निर्णय नं.२४: यस गाउपालिका सरहद भित्रका ऐलानी, पर्ती जग्गा, बजार क्षेत्र लगायतका सार्वजनिक सम्पत्ति आवश्यकताअनुसार संरक्षण गर्ने एवं अन्य कार्यमा उपयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** बसबरिया गाउपालिकाको सीमा नजिकै पर्ने बरहथवा नपा वडा नं ११ स्थित हाल सशस्त्र क्याम्प रहेको सिंचाइ कार्यालयको भवनमा कृषि क्याम्पस स्थापना गर्न बरहरथा नपा, प्रदेश र संघीय सरकारसमक्ष अनुरोध गर्ने साथै क्यापस स्थापना भएपश्चात उक्त क्याम्पसको सञ्चालन र व्यवस्थापनका लागि बसबरिया गाउपालिकाले बरहथवा नपासँग समन्वय र साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** गाउपालिका क्षेत्रभित्र कम्तीमा ५५ शैयाको सुविधासम्पन्न अस्पताल स्थापना गर्नका लागि सहयोग गरिदिनुहुन संघीय सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** स्थानीय सरकार सञ्चालन ऐनको दफा बमोजिम यस स्थानीय तहमा कर्मचारी कल्याण कोष खडा गरी स्थानीय सेवामा स्थायी नियुक्ति पाई कार्यरत प्रत्येक कर्मचारीको १ महिनाको तलब बराबरको रकम कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** यस सभाद्वारा वार्षिक कार्यक्रम स्वीकृत हुनुभन्दा अघि भए गरेका सम्पूर्ण काम, कारवाही एवं खर्चहरु यसैबमोजिम भए गरेको मानिने निर्णय गरियो ।

**निर्णय नं.२९:** गाउँपालिकामा आन्तरिक आय बाट प्राप्त रकम कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं.३०:** आ.व ०७४/७५ मा जनप्रतिनिधि तथा कर्मचारी समेत लाई उपलब्ध गराइएको संचार खर्चको रकममा र इन्धनमा ५०% बृद्धि गर्ने र गाउँपालिकामा पछि थप हुन आएका कर्मचारीहरु लाई समेत सोही अनुसार उपलब्ध गराउने निर्णय गरियो॥

**निर्णय नं.३१:** यस गा.पा.मा संचलान हुने विकास आयोजना/योजनाको कार्य गर्दा यस क्षेत्रमा श्रोत साधनको प्रयास भएकोले भवन, कम्पाउण्ड लगायत **construction** को कार्यहरु पनि उपभोक्ता समिति बाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** यस गा.पा.को वडा नं.२ को महिला वडा सदस्य चौरसिया देबी सुत्केरी भई बच्चाको स्याहार-सुसारमा समस्या भएकोले आर्थिक सहयोग वापत रु. २०,००० राहत स्वरूप दिने निर्णय गरियो।

**निर्णय नं.३३:** यस गा.पा. वडा नं.१ को महिला वडा सदस्य सुशिला देबीको घाटीमा समस्या भई उपचार गराउन रु. २०,००० उपचार वापत राहत दिने निर्णय गरियो।

**<u>निर्णय नं.३४:</u>** यस गा.पा. वडा नं.४ धनगढ़ामा राम दुलारी देबी लाई राहत वापत रु. १०,००० दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३५:</u>** यस गा.पा.का लागि अति आवश्यक रहेको सबारी साधन खरिदका लागि जग्गा खरिद शीर्षकमा रहेको रु. एक करोड बजेट मध्ये रु. ६०,००,०००/-(साठी लाख मात्र) रकम छुट्याई सबारी साधन खरिद गर्ने निर्णय गरियो । साथै गा.पा.मा बिभिन्न श्रोतबाट प्राप्त हुने रकम बाट जग्गा खरिद लगायतका अन्य काम कारबाहीहरु कार्यपालिकाको निर्णय अनुसार गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.३६:</u>** यस गा.पा. वडा नं.-४ का वडा सदस्य जुगल रायलाई उपचार वापत रु. १०,००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.३७:</u>** यस गा.पा. वडा नं.-३ बस्ने बिन्देश्वर माझीको छोराको उपचारको लागि गा.पा. बाट रु. ५००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.३८:</u>** यस गा.पा. वडा नं.-५ छट्टु पासवानको उपचारको लागि गा.पा. बाट रु. १०,००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.३९:</u>** यस गा.पा. वडा नं.-६ का तपसिलमा उल्लेखित व्यक्तिहरुको घर आगलागी बाट क्षतिग्रस्त भएकोले गा.पा. बाट रकम दिने निर्णय गरियो।

### तपसिलः

१) भिखा साह तेली - रु.१०,०००
२) चन्द्र चमारको श्राद्धको लागि श्री मति गरतिया देबी लाई रु.५०००
३) भुचर मालीको घर बनाउन रु.१०,०००
४) पबित्री देबीको घर आगलागी बाट रु.१०,०००
५) भोला बिनाको आर्थिक सहयोग रु.५०००

**<u>निर्णय नं.४०:</u>** यस गा.पा. का प्राबिधिक शाखाको कर्मचारीलाई प्रति व्यक्ति रु.२६,००० का दरले मोवाईल खरिद गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.४१:</u>** यस गा.पा. वडा नं.-५ को वडा सदस्य जलसिया देबी चमारलाई उपचारको लागि गा.पा. बाट रु. १०,००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.४२:</u>** बसबरिया वडा नं. ३ मा ०७५/६/१९ को महाबिर झन्डा मेलाको लागि रु.३०,००० भुक्तानी दिने निर्णय गरियो।

**<u>निर्णय नं.४३:</u>** बसबारिया कैम्पको कृष्ण जन्म अस्ठमि मेला कार्यक्रममा जागरण प्रोगार्मका लागि रु. २५,००० भुक्तानी दिने निर्णय गरियो।

**<u>निर्णय नं.४४:</u>** यस गा.पा. वडा नं.-३ को श्रीपति देबीको आर्थिक अवस्था कमजोर भएकोले उपचार वापत रु. २०,००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.४५:</u>** यस गा.पा. वडा नं.-३ को श्रीपति देबीको आर्थिक अवस्था कमजोर भएकोले उपचार वापत रु. २०,००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.४६:</u>** यस गा.पा. को सु.प्र.अधिकृतलाई मासिक रु १००० का दरले थप रकम इन्टरनेट संचालन वापत दिने निर्णय गरियो।

**<u>निर्णय नं.४७:</u>** यस गा.पा. वडा नं.-३ को चनु रायको आर्थिक अवस्था कमजोर भएकोले उपचार वापत रु. १०,००० दिने निर्णय गरियो।

**<u>निर्णय नं.४८:</u>** (१) स्थानीय तह सहकारी ऐन २०७५ (२) गाउँपालिका नगरपालिका आपतकालीन कार्यसञ्चालन विधि , २०७५ (३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक२०७५ (४) विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि२०७५ (५) प्रशासकीय कार्यविधि( नियमित गर्ने) ऐन२०७५ (६) आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि २०७५ (७) कार्य संचालन बिधि२०७५ (८) अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कर्याबिधि २०७५।

अनुसूची १

(निर्णय नं.२ संग सम्बन्धित)

बसबरिया गाउँपालिकाको आ.व. ०७५/०७६ को बार्षिक निति तथा कार्यक्रम

बसबरिया गाउँपालिका भवानीपुर, सर्लाही

नेपालको संविधानले परिकल्पना गरेअनुरुप राज्यमा संघीय शासन व्यवस्था लागु गर्ने सन्दर्भमा स्थानीय तहको निर्वाचन पश्चात् गठन भएको बसबरिया गाउँपालिकाको दोस्रो ऐतिहासिक गाउँसभा समक्ष आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेकी छु । यो सुभ अवसरमा सर्वप्रथम त नेपालको इतिहासको विभिन्न कालखण्डमा निरङ्कुशता विरुद्ध, अगग्रमन, लोकतन्त्र, राष्ट्रहित तथा विधिको शासनका पक्षमा आफ्नो जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

यस गाउँपालिकाको नेतृत्व गर्ने बसबरिया गाउँ सरकारले संविधानको मर्म, शहिदका सपना, जनमतको कदर गर्दै यस गाउपालिकालाई समुन्नत, समृद्ध बसबरिया बनाउने लक्ष्य राखिएको छ । विधिको शासनको स्थापना, सुशासन, दण्डहीनताको अन्त्य जस्ता लोकतन्त्रका आधारभूत मूल्य, मान्यताको जग बसाउन स्थानीय तहका तीनवटै अङ्ग विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय शासन पद्धतीलाई सुदृढ गर्ने प्रमुख चुनौती हाम्रा सामु विद्यमान छ । वर्तमान समयमा चालु आ.व. २०७४।७५ को कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा पूर्ण रुपमा सफलता पाउन समयको अधिकतम उपयोग गरिएको छ भने विद्यमान कानूनी प्रावधान अनुरुप आगामी आर्थिक वर्षको योजना तर्जुमा प्रकृया पनि अगाडि बढाउनुपर्ने दायित्व बहन गर्नुपर्ने हुन्छ । स्थानीय सरकारको

सबै अङ्गको संस्थागत विकास भइनसकेको, तथा जनशक्तिको अभाव आदिले कठिनाइ महसुस भएतापनि नेपालको इतिहासमा पहिलो जननिर्वाचित स्थानीय सरकारले चुनौतीलाई अवसरको रुपमा स्वीकार्दै प्राप्त स्रोत, साधनको अधिकतम

सदुपयोग गर्दै लगानी गरी बसबरियाबासीसमक्ष समतामूलक एवं न्यायोचित ढङ्गले विकासको लाभ तथा सुशासन कायम गर्ने प्रयत्न गरेकी छु ।

यस गाउँपालिकालाई समृद्धिको वृहत सम्भावना बोकेको गाउँपालिकाको रुपमा स्वीकार्दै प्रदेश नं. २ कै उत्कृष्ट नमूना गाउपालिका बनाउने लक्ष्यका साथ अघि बढेको छ । आगामी आ.व.२०७५/०७६ मा वैज्ञानिक ढंगले विस्तृत रुपमा सम्भाव्यता अध्ययन गरी सोही आधारमा विकासको प्रकृयालाई गति दिनका लागि योजना तर्जुमा गरिनेछ । तत् पश्चात् मात्र यस सरकारले राखेको परिदृश्यलाई यस वर्षका नीति तथा कार्यक्रममा छिचोलिने छ । प्रारम्भिक रुपमा चालु आ.व. ०७५/०७६ का लागि समृद्धि एवं प्रगतिका खातिर देहाय बमोजिमको नीति तथा कार्यक्रम तयार गरेकी छु । यिनै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुने गरी केन्द्रीय सरकारबाट विनियोजित वित्तीय समानीकरण तर्फ ८ करोड ४१ लाख, राजश्व बाँडफाँड तर्फ ५ करोड २४ लाख २८ हजार, सशर्त अनुदान तर्फ ४ करोड ५८ लाख, प्रदेश सरकार बाट २७ लाख १० हजार र राजश्व बाट आम्दानी हुने अनुमानित ६० लाख गरि जम्मा रु. १९ करोड १० लाख ३८ हजारको परिधि भित्र रही आ.व. २०७४/०७५ मा कार्यक्रम तय गरि वडा लाई छुट्याइएको बजेट खर्च हुन नसकी बांकी रहेको रकम सोहि वाडाको सोहि कार्यक्रममा खर्च गरिने गरि सो रकम सहित आ.व. २०७५/०७६को बजेट बिनियोजन गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

## रणनीतिहरु

१. गाउँपालिका अन्तर्गत कार्यक्रम तथा विकास निर्माणका गतिविधिहरु सञ्चालन गर्दा दीर्घकालीन महत्वका, आफैमा धानिन सक्ने एवं प्रतिफल दिने किसिमका विषय क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।

२.कार्यक्रम कार्यान्वयन गर्दा सुशासन, पारदर्शिता एवं सामाजिक न्यायलाई अङ्गिकार गरिनेछ ।

३. स्थानीय संस्कृति, कला, भाषा एवं मौलिकताको विशेष संरक्षण एवं प्रवर्द्धन गर्दै आधुनिक प्रविधि, विज्ञानका महत्वपूर्ण उपलब्धिको प्रयोगबाट लाभ लिने अवस्था सिर्जना गरिनेछ ।

४.कार्यक्रम तर्जुमा गर्दा संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त एवं नीतिहरु, संघीय सरकारले लिएका लक्ष्यहरु, दिगो विकासका लक्ष्यलगायत विकासमा अन्तर सम्बन्धित मुद्दाहरु **(cross-cutting issues)** लाई आधार मानी प्राथमिकिकरण गरिनेछ ।

५. समुदायमा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा पिछडिएका, वञ्चितिकरणमा परेका सीमान्तकृत व्यक्ति, समुदायलाई मूलप्रवाहीकरण गर्न विकासका लाभग्राहीको अग्रपंक्तिमा राखिनेछ साथै त्यस्ता वर्गको उत्थान र समृद्धिमा विशेष जोड दिइनेछ ।

६. बसबरिया गाउँपालिकाको समृद्धिमा हातेमालो गर्न केन्द्रीय सरकार, प्रदेश सरकार, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघ, संस्था लगायत सबै सम्भावित निकायहरुसँग हातेमालो गर्दै दिगो विकास र बाताबरण संरक्षणमा अघि बढ्नेछ साथै विकास निर्माणको लगानीमा साझेदारी गर्ने र निजी क्षेत्रको लगानी भित्र्याउन लगानीमैत्री वातावरण तयार गरिनेछ ।

<u>नीति तथा कार्यक्रम</u>

शिक्षा : “सबैका लागि निशुल्क र गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता”

- चालु आ.व.मा गाउँपालिकाभित्रका विद्यालयहरुको दरबन्दी संरचना विद्यमान जनशक्ति, विद्यार्थी भर्ना दर, भौतिक पूर्वाधारको अवस्थाका सम्बन्धमा

विस्तृत अध्ययन गरी सोही आधारमा विद्यालय क्षेत्र विकासका लागि योजना तयार गरिनेछ ।

- यस शैक्षिक सत्रको अन्तसम्ममा सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गरी विद्यालयको गतिविधिलाई व्यवस्थित गरिनेछ ।
- विद्यालयहरुको भौतिक अवस्थाको स्तरोन्नति गरिनेछ,नमूना बालविकास केन्द्र सञ्चालन गरिनेछ । साथै दलित, अतिविपन्न, अपांगता भएका बालबालिकाहरुलाई भर्ना गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- किशोरीहरुलाई प्राविधिक शिक्षातर्फ आकर्षित गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ । महिलाहरुलाई अनौपचारिक शिक्षा लिने तर्फ प्रेरित गरिनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा कक्षा १ मा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गर्ने प्रयत्न गरिनेछ । साथसाथै निरन्तर सिकाइ उपलब्धी मापन संयन्त्र बनाई गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ ।

स्वास्थ्य

- स्थानीय बासिन्दालाई स्वास्थ्य चौकीबाट आधारभूत स्वास्थ्य सेवा लिने बानीको विकास गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।
- चालु आर्थिक बर्ष भित्र मानपुर र सहोडवा स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ ।
- परिवारको आकार घटाई गुणस्तरीय जीवन प्रवर्द्धन गर्न प्रत्येक नवविवाहित दम्पतीलाई प्रजनन स्वास्थ्य, जीवनोपयोगी सीप, सुनौला १००० दिनका विषयमा अभिमुखीकरण गरिनेछ ।
- ज्येष्ठ नागरिक एवं अशक्त अपागंता भएकाहरुका लागि चौमासिक रुपमा घरदैलोमा पुगी स्वास्थ्य जाँच गरिनेछ ।

- गाउपालिकाको कुपोषणको दर न्यून गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारको नीति अनुरुप गाउपालिका क्षेत्रमा कम्तिमा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ ।
- पोषण सम्बन्धी कार्यक्रमलाई निरन्तर दिइनेछ।

## कृषि, पशु तथा सहकारी

- कृषि कार्यलाई सहज तुल्याउन ठाउँठाउँमा कृषि कुलो र कृषि सडकहरु निर्माण गरिनेछ ।
- पशुपालनलाई व्यवसायिक बनाउँदै कृषकहरुको आयस्तर वृद्धि गर्ने, पशु बीमा तर्फ कृषकहरुलाई आकर्षित गराउने किसिमका नीतिहरु अवलम्बन गरिनेछ ।
- बसबरिया गाउँपालिकालाई कृषि उपज, बिउ बिजन वितरण, कृषि तालिम र पशुपालनमा आत्मानिर्भर बनाउन विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारीको माध्यमबाट एकजुट भई आर्थिक समृद्धि हासिल गर्ने तर्फ नागरिकहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

## खानेपानी तथा सरसफाइ

- पूर्ण सरसफाइलाई कार्यान्वयनमा ल्याउन जीवनशैली, संस्कारमा परिवर्तन गर्नेतर्फ सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयलमा अध्ययनरत किशोरीहरुको महिनावारी स्वच्छ र मर्यादित बनाउन आधारभूत र माध्यमिक विद्यालयहरुमा स्वच्छता कुनो स्थापना गरी सञ्चालन गरिनेछ ।

- गाउँपालिकाभित्रका सार्वजनिक स्थलमा प्रतिक्षालय, सार्वजनिक शौचालय निर्माण , फोहरमैला कन्टेनरको व्यवस्था गर्दै स्वच्छता र पर्यावरण संरक्षणलाई प्रवर्द्धन गरिनेछ ।

महिला, बालबालिका तथा लक्षित समूह

- महिला सशक्तिकरणका लागि समुदायमा रहेका आर्थिक एवं सामाजिक रुपले विपन्न महिलाहरुलाई समूहमा आवद्ध गरी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्न महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालविवाह, दहेजप्रथा, बोक्सीप्रथा जस्ता विद्यमान कुसंस्कृतिलाई अन्त्य गर्ने, घरेलु हिंसा न्यूनीकरण गर्ने जस्ता कार्यलाई अभियानको रुपमा अघि बढाइनेछ ।
- बालमैत्री स्थानीय शासन लागु गर्न प्रारम्भिक चरणमा रणनीतिक योजना तर्जुमा, बालक्लब गठन जस्ता कार्यलाई अघि बढाइनेछ ।
- गाउँपालिका भित्रका पसल, कारखाना लगायत सबै किसिमका व्यवसायहरुलाई बालश्रममुक्त बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरी सहायक सामाग्री उपलब्ध गराउनेछ । साथै अपांगता भएका व्यक्तिको निजी प्रयोजनका लागि कुनै प्रकारको सिफारिसमा दस्तुर लिईने छैन ।
- दलित, अल्पसंख्यक, पिछडिएका, वञ्चितिकरणमा परेका समुदायको सशक्तिकरणका लागि सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरन्जन

- बसबरियाबासीहरुको स्थानीय मौलिक संस्कृति, सभ्यताको परिचायकका रुपमा रहेका मठ, मन्दिर, धर्मशाला, सहलेश स्थान, मदरसा आदिको आवश्यकता अनुसार निर्माण, मर्मत सम्भार गरिनेछ ।

- वडा एवं बस्तीहरुलाई पायक पर्ने स्थानमा धर्मशाला निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- खेलकुद कार्यलाई प्रोत्साहन गर्न विद्यालयमा खेलकुद सामाग्री वितरण, अतिरिक्त कियाकलापको व्यवस्था, युवाहरुलाई खेलकुदमा प्रोत्साहन गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

सूचना, संचार तथा सुशासन प्रवर्द्धन

- बसबरिया गाउँपालिकामा **MARS** प्रणाली लागु गरी सूचना प्रविधिमैत्री स्थानीय तहको रुपमा विकसित गर्ने नीति अवलम्बन गरिनेछ ।
- विद्युतीय शासनको प्रयोग गर्दै कार्यालयको अभिलेख व्यवस्थापन, नागरिक वडापत्रको निर्माण, सेवा प्रवाह प्रणाली लगायत सम्पूर्ण कार्यसम्पादनको
- गुणस्तर वृद्धि गरि चुस्त र छरितो व्यवस्थापन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- कार्यालयको वेभसाइट मार्फत सुचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिमको सूचना, विलहरु लगायत सम्पूर्ण क्रियाकलापहरु मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्ने, मनोवल उच्च राख्ने, सकरात्मक दृष्टिकोण, सदाचारको विकास गर्ने तथा पदाधिकारी एवं कर्मचारीबीचको सम्बन्ध सुमधुर कायम राख्ने नीति अवलम्बन गरिनेछ ।
- दुरसञ्चार सेवा प्रदायक निकाय, कम्पनीहरुसँग समन्वय गर्दै यस गाउपालिका क्षेत्रमा सञ्चार सेवाको पहूँच बढाइनेछ ।
- गाउपालिकाद्वारा सञ्चालन भइरहेका गतिविधिबारे नागरिकलाई सुसूचित गराउन, सुशासनको प्रत्याभूति दिलाउन वडास्तर र गाउपालिकास्तरबाट सार्वजनिक लेखापरिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

## सडक, सार्वजनिक सम्पत्ति तथा विजुली बत्ती

- आवधिक योजना तर्जुमा गरि सोही अनुसार पूर्वाधार विकास निर्माणको वृहत खाका निर्माण गरिनेछ । आगामी ४ बर्षभित्र गाउँपालिकाभित्रका प्राय : सडकहरु ग्रेबेल तथा पक्की ढलान गर्ने योजना अनुरुप नीति अलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्रका सडकहरुलाई मूल सडक र सहायक सडकको रुपमा वर्गीकरण गरी मूल सडक ३० फिट र सहायक सडक २० फिट कायम गरी सडक अतिक्रमण रोक्ने नीति अवलम्बन गरिनेछ ।
- चालु आ.व.मा प्रत्येक वडाको मूल सडक नालासहित पक्की ढलान तथा पिच गर्ने निति अवलम्बन गरिनेछ । साथै गाउँपालिकाभित्रका सबै सडकहरु बाह्रै महिना सहज आवागमन गर्न सकिने गरी आवश्यकता अनुसार ग्रेबेल, माटो भर्ने तथा अन्य मर्मत गरिनेछ ।
- गाउँक्षेत्रका विद्युत प्राधिकरणसँग समन्वय गरी मिटर जडान तथा बिधुत पोल राख्ने कार्य सम्पन्न गरिनेछ ।
- सार्वजनिक जग्गा तथा सडक अतिक्रमण भइरहेको अवस्थामा यस वर्ष सार्वजनिक सम्पत्ति छुट्याइ संरक्षण गर्ने, घेराबेरा गर्ने जस्ता कार्य गरिनेछ ।
- यस वर्ष उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिने ब्यबस्था मिलाइने छ ।
- पूर्वाधार निर्माण गर्दा अपागंमैत्री, बालमैत्री, वातावरण मैत्री जस्ता अन्तरर्सम्वन्धित समसामयिक मुद्दाहरुलाई समावेश गर्ने किसिमको संरचना तयार गर्ने नीति अवलम्बन गरिनेछ ।

## जनसंख्या, तथ्याङ्क तथा विपद् व्यवस्थापन

- बसबरिया गाउँपालिकाको विकासको योजना तयार गर्न चालु आ.व.मा एकीकृत रुपमा तथ्यांक संकलन गरी वस्तुगत विवरण तयार गरिनेछ ।
- गाउपालिकाभित्रका घरधुरीहरुको विस्तृत रुपमा तथ्यांक राखिनेछ ।
- बार्षिक योजना तथा कार्यक्रम लगायत सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्थाबारे प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाभित्र आगलागी, बाढी, पहिरो भूकम्प लगायत विपद् बाट सिर्जित समस्या एवं क्षतिहरुको अवस्थामा राहत प्रदान गर्न रकम छुट्याई निश्चित मापदण्डका आधारमा आवश्यक कार्यक्रम गर्ने निती अवलम्बन गरिनेछ ।

राजस्व व्यवस्थापन

- गाउँको दिगो विकासका लागि एकिकृत सम्पति कर तिरौं भन्ने नारा सहित कर तिरी विकास निर्माणमा योगदान गर्न नागरिकहरुलाई प्रोत्साहन गरिनेछ ।
- नेपालको संविधानको अनुसूची ८ बमोजिम गाउँपालिकाको अधिकार क्षेत्रका विषयमा एकिकृत करका दर निर्धारण गरी सम्पूर्ण नागरिकलाई करको दायरामा समेट्ने प्रयास गरिनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम एकिकृत सम्पति कर कार्यविधि पारित गरि वि.सं.२०७५ साउन १ गतेदेखि एकीकृत सम्पत्ति कर लागु गर्नका लागि सम्पूर्ण पूर्वतयारी पुरा गरिनेछ ।
- सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई इमानदार र कर्तव्यनिष्ठ नागरिकको रुपमा अभिलेखन गर्दै सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

- बसबरियाको स्थानीय राजस्वलाई विकासको मेरुदण्डको रुपमा स्थायी र दिगो स्रोतका रुपमा विकास गर्ने साथै राजस्व संकलनलाई बढोत्तरी दिने किसिमका योजना छनौट कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिकाबाट सेवा प्रवाह गर्दा नियमानुसार एककृत कर एवं राजस्व तिर्ने कार्यलाई सेवा सँग आवद्ध गरिनेछ ।
- गाउँपालिका भित्र सबै भन्दा बढी कर संकलन गर्ने वडाका पदाधिकारी एवं कर्मचारीहरुलाई सम्मानित गरिनेछ । साथै सोही अनुपातमा आगामी वर्षका कार्यक्रमको प्राथमिकता क्रममा राखिनेछ ।
- मिति २०७५ श्राबण १ गते देखि एकिकृत सम्पति कर लागु गरिनेछ।

बसबरिया गाउँपालिकालाई विगतको अवस्थाबाट समृद्ध, समुन्नत र विकसित बनाउने, नागरिकलाई परिवर्तन, लोकतन्त्र, सुशासन एवं स्वशासनको प्रत्याभूति दिलाउने जिम्मेवारी जनमतद्वारा बसबरिया सरकारलाई प्राप्त भएको छ । यसका लागि हामी सम्पूर्ण निर्वाचित पदाधिकारीहरु आम नागरिकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै जनमतको सदुपयोग गरी शान्ति, समृद्धि, अमनचयन कायम गरी आम नागरिकहरुको जीवनस्तर उकास्न हामी सदैव प्रतिवद्ध रहने वाचा गर्दछौं । यसै गरी बसबरिया सरकारले लिएका लक्ष्य, तयार गरेको नीति तथा कार्यकम कार्यान्वयनमा सहयोग गर्न, रेखदेख र खबरदारी गरी आ आफ्नो तह र तप्काबाट योगदान पुर्‍याउन हुने संघीय सरकार, प्रदेश सरकार, रास्ट्रिय तथा अन्तरास्ट्रिय गैरसरकारी संघ, संस्था, निजी क्षेत्र, सञ्चार जगत, बुद्धिजीवि, नागरिक समाज, मतदाता लगायत आम नागरिकहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

१० आषाढ, २०७५ रिना कुमारी यादव

उपाध्यक्ष